आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रिय स्तरको वित्तीय संस्था)

बुटवल-१०, रुपन्देही, नेपाल, फोन नं.:-०७१-४३८५१३, ४१५०१३, ४१५०१४, वेवसाईटः www.rsdcmf.com.np, इमेलःinfo@rsdcmf.com

INTERIM FINANCIAL STATEMENT

Condensed Statement of Financial Position As on Quarter ended 31st Asoj, 2083

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalents	-	-
Statutory Balances and Due from Nepal Rastra Bank	18,323,370	25,431,559
Placement with Bank and Financial Institutions	117,800,683	1,183,566,751
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFIs & Co-operatives	4,132,609,605	4,246,291,705
Loans and advances to customers	14,176,844	13,174,317
Investment securities	115,890,000	115,890,000
Current tax assets	57,437,371	57,437,371
Investment property	-	-
Property and Equipment	5,585,828	6,084,954
Goodwill and Intangible assets	700,881	700,881
Deferred Tax Assets	3,832,896	3,832,896
Other assets	23,908,782	16,040,838
Total Assets	**4,490,266,259**	**5,668,451,272**
Particulars	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Ratsra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	-	-
Borrowings	3,022,765,647	4,205,867,554
Current Tax Liabilities	55,015,580	59,547,017
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	67,484,185	47,717,210
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**3,145,265,413**	**4,313,131,781**
Equity		
Share Capital	1,034,064,417	1,034,064,417
Share Premium	-	-
Retained Earnings	129,053,321	114,119,034
Reserves	181,883,108	207,136,040
Total Equity	1,345,000,847	1,355,319,492
Total Liabilities and Equity	**4,490,266,259**	**5,668,451,272**

Condensed Statement of Profit or loss

Particulars	2083 Asoj End		2082 Asoj End	Corresponding
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest income	68,261,539	68,261,539	116,802,013	116,802,013
Interest expense	(34,334,633)	(34,334,633)	(71,969,922)	(71,969,922)
Net interest income	**33,926,906**	**33,926,906**	**44,832,091**	**44,832,091**
Fees and commission income	377,250	377,250	2,217,600	2,217,600
Fees and commission expense	(25,000)	(25,000)	(130,000)	(130,000)
Net fee and commission income	**352,250**	**352,250**	**2,087,600**	**2,087,600**
Net interest and commission income	**34,279,156**	**34,279,156**	**46,919,691**	**46,919,691**
Net trading income	-	-	-	-
Other operating income	134,019	134,019	19,680	19,680
Total operating income	**34,413,175**	**34,413,175**	**46,939,371**	**46,939,371**
Impairment charge/(reversal) for loans and other losses	4,052,055	4,052,055	4,287,199	4,287,199
Net operating income	**30,361,119**	**30,361,119**	**42,652,172**	**42,652,172**
Operating expense	**(12,312,875)**	**(12,312,875)**	**(12,498,023)**	**(12,498,023)**
Personnel expense	(8,822,245)	(8,822,245)	(9,948,500)	(9,948,500)
Other Operating expense	(2,991,504)	(2,991,504)	(2,101,562)	(2,101,562)
Depreciation and Amortisation	(499,126)	(499,126)	(447,961)	(447,961)
Operating Profit	**18,048,245**	**18,048,245**	**30,154,149**	**30,154,149**
Non operating Income	-	-		
Non operating expense	-	-		
Profit before income tax	**18,048,245**	**18,048,245**	**30,154,149**	**30,154,149**
Income tax expense	**(5,414,473)**	**(5,414,473)**	**(9,046,245)**	**(9,046,245)**
Current Tax	(5,414,473)	(5,414,473)	(9,046,245)	(9,046,245)
Previous Year Tax	-	-		
Deferred Tax	-	-		
Profit /(loss) for the Period	**12,633,771**	**12,633,771**	**21,107,904**	**21,107,904**
Condensed Statement ofComprehensive Income				
profit for the period	12,633,771	12,633,771	21,107,904	21,107,904
other comprehensive income				
Total Comprehensive income	**12,633,771**	**12,633,771**	**21,107,904**	**21,107,904**
Basis Earning per Share		4.89%		8.17%
Diluted Earning per share		4.89%		8.17%
profit for the period	**12,633,771**	**12,633,771**	**21,107,904**	**21,107,904**

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital fund to RWA		29.36%		21.57%
Non-Performing loan (NPL) to total loan		4.90%		4.44%
Net NPL to Net Loan		1.09%		0.93%
Total loan loss provision to Total NPL		99.18%		126.99%
Cost of funds		4.27%		5.90%
Credit to Deposit and Borrowing Ratio		136.72%		112.62%
Base Rate		5.75%		6.77%
Interest Rate Spread		1.26%		1.73%

Statement of Distributable profit or loss For the Quarter Ended 31st Asoj, 2083

Net Profit for the period end of First quarter 2083/84	**12,633,771**
Appropriation	**(2,998,820)**
a. General Reserve	(2,526,754)
b. Foreign exchange flucatation fund	
c. Capital redemption reserve	
d. Corporate social responsibility fund	(126,338)
e. Employees training fund	(467,665)
f. Client Protection Fund	(379,013)
g. Other- CSR Expenses routed through PL	500,950
Regulatory Adjustments:	**(2,053,660)**
a. Interest Receivable (-)/previous accrued interest received(+)	(2,053,660)
b. Short loan loss provision in accounts(-)/reversal(+)	
c. Short provision for possible losses on investment(-)/reversal(+)	
d. Short provision for possible losses on Non-Banking Assets (-)/reversal(+)	
e. Deferred Tax Assets recognized(-)/reveral(+)	
f. Goodwill recognized (-)/Impairment of Goodwill(+)	
g. Bargain purchase gain recognized (-)/reversal(+)	
h. Actuarial Loss recognized (-)/reversal(+)	
i. Other	
Net profit for the Quarter end of Asoj 2083 available for distribution	**7,581,292**
Opening Retained Earnings as of Shrawan 01 2083	**114,119,034**
Adjustment (+/-)	
Distribution:	**-**
Bonus Share Issued	
Cash Dividend Paid	-
Total Distributable Profit or (loss) upto Qtr end date 2083 Asoj	**121,700,326**

Notes to Interim Financial Statements:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standard (NFRS).
2. Loans and Advances to MFIs & Co-operatives are presented net of loan impairments.
3. Loans and Advances to employees are presented as Loans and Advances to customers.
4. Figures have been rearranged and regrouped wherever necessary.
5. The above figures are subject to change if directed by regulatory authorities or external audit.
6. Actuarial valuation of gratuity and leave is done at external audit only.
7. The Interim Financial Statement has been updated on Our website: www.rsdcmf.com.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४, (नियम ४६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१) वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:

आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

सम्बन्धित पक्ष बिच भएको कारोवार सम्बन्धी विवरण:

क) ग्लोबल आइएमई बैंक लिमिटेडलाई २०८३ असोज मसान्तसम्म तिर्नुपर्ने कर्जा रकम रु.६९,५१,४०,६७८.७३ बाँकी रहेको छ।

ख) ग्लोबल आइएमई बैंक लिमिटेडलाई २०८३ असोज मसान्तसम्म ब्याज बापत रु. ८८,१०,४२४.८५ भुक्तानी गरिएको छ।

ख) न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू जस्तै: प्रति शेयर आम्दानी, P/E Ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण :

वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेका छन्।

प्रति शेयर आम्दानी/(नोक्सान) रु.	४.८९	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	४३४.२३
पी/ई रेसियो	१२७.८९	तरलता अनुपात प्रतिशत	३.९०
प्रति शेयर नेटवर्थ रु.	१३०.०७		

२) व्यावसायिक विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:

आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिमा संस्थाको खुद नाफा अघिल्लो आ.व. को सोही अवधिको तुलनामा ४० प्रतिशतले कमी आई रु.१.२६ करोड रहेको छ। यस अवधिमा संस्थाको खुद कर्जा लगानी अघिल्लो आ.व. को तुलनामा करिब ३ प्रतिशतले कमी आई रु. ४१३.२६ करोड रहेको छ। यस आ.व. को प्रथम त्रैमासिकमा संस्थाले तरलता, जोखिम तथा ब्याजदर अन्तरको व्यवस्थापन गरेको छ।

ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:

लघुवित्त तथा सहकारीको क्षेत्रमा देखिएका विविध समस्याहरू हालसम्म पनि विद्यमान रहेकोले यस वित्तीय संस्थाले आगामी दिनमा साझेदार संस्थाहरूको प्रभावकारी निरीक्षण तथा अनुगमन गर्ने, कर्जा असुली कार्यलाई प्रभावकारी बनाई कर्जाको गुणस्तर कायम राख्ने तथा साझेदार संस्थाहरूको जोखिम व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अन्तर्क्रिया लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै साझेदार संस्थाहरूको दिगो विकास गरी लक्ष्य हासिल गर्ने नीति लिएको छ। यसका अतिरिक्त संस्थाको दिर्घकालीन व्यवसायिक स्थायित्व, प्रतिष्पर्धात्मक क्षमता तथा सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने अभिप्रायले मर्जर र प्राप्ति मार्फत समेत गर्न सकिने विकल्पका बारेमा सकारात्मक पहल भई रहेको छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:

सहकारी तथा लघुवित्तमा देखिएका विविध समस्याहरु हाल पनि विद्यमान रहेको परिप्रेक्ष्यमा व्यवसाय विस्तार भन्दा पनि व्यवसाय सुदृढिकरण गर्ने, वर्तमान वित्तीय बजार अनुसार प्रतिश्पर्धी दरमा गुणस्तरिय सेवा प्रवाह गर्ने, व्यावसायिक सम्बन्ध स्थापना गर्दा जोखिमको सावधानीपूर्वक विश्लेषण गर्ने र कर्जा असुली कार्यलाई प्रभावकारी बनाउने रणनीति लिईएको छ। वित्तीय क्षेत्रमा देखिएको अधिकतम तरलताको प्रभाव यस संस्थालाई प्रत्यक्ष परेको छ साथै अझै केही समय असर पर्ने देखिन्छ। संस्थाको लगानी गर्न सक्ने क्षमता रहेकोले कर्जा माग भएमा कर्जा लगानी विस्तार हुने अपेक्षा गरिएको छ।

३) कानूनी कारबाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :

यस त्रैमासिकमा वित्तीय संस्थाको विरुद्धमा कुनै मुद्दा दायर भएको जानकारी छैन। वित्तीय संस्थाले यस अवधिमा कसैको विरुद्ध कुनै मुद्दा दायर गरेको छैन।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:

यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए:

यस संस्थाका संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको जानकारी छैन।

४) संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:

शेयर कारोबारमा हुने उतार चढाव खुला बजारले निर्धारण गर्ने हुनाले सोही मूल्य मान्यता अनुरुप वित्तीय संस्थाको शेयरको कारोबार हुने गरेको व्यवस्थापनको धारणा रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या :

यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेबसाइट अनुसार निम्न बमोजिम रहेको छ।

अधिकतम मूल्य रु.	६८६.००	अन्तिम मूल्य रु.	६२५.००	न्यूनतम मूल्य रु.	५९१.९०
कारोबार भएको कुल दिन	६१	कारोवार संख्या	२,०९५	शेयर कारोबार (कित्ता)	२,०२,८१५

५) समस्या तथा चुनौती :

समस्या :

- लघुवित्त क्षेत्रमा कर्जाको दोहोरोपना तथा कर्जाको दुरूपयोग गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
- सहकारी संस्थाहरूको प्रभावकारी नियमन अनुगमन गर्ने संयन्त्रको अभाव तथा सहकारी संस्थाहरू समस्याग्रस्त हुँदै गएका कारण समग्र सहकारी क्षेत्रप्रतिको विश्वासमा आएको कमी,
- लघुवित्तका कार्यक्रमहरूलाई प्रभावित गर्ने गरी अवाञ्छित तत्वहरूबाट बेलाबेलामा हुने गरेका अराजक गतिविधिहरू,
- घट्दो वित्तीय अनुशासन, बढ्दो दण्डहीनता र त्यसले पैदा गरेको नैराश्य।

चुनौती:

- बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त तरलता तथा न्यून ब्याजदरका बावजुद कर्जाको माग हुन नसक्नु,
- समग्र बैंकिङ्ग क्षेत्र (सहकारी संस्था समेत) को निष्कृय कर्जा बढ्दै जानु,
- मुख्यत: लघुवित्त वित्तीय संस्थाहरूमा थोक कर्जा प्रदान गर्ने कार्यमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूसँगको सघन प्रतिस्पर्धा,
- संघ, प्रदेश तथा स्थानीय निकायले सहकारी/लघुवित्तको क्षेत्रमा लिने नीति,
- सरकार/नियामक निकायका निर्देशनहरू तथा नीतिमा हुन सक्ने परिवर्तन,
- कर्जाको न्यून माग साथै ब्याजदर अन्तरमा संकुचन।

रणनीति:

संस्थाको व्यवसाय सुदृढिकरण गर्दै आगामी दिनमा अग्रणी थोक लघुकर्जा प्रदायक संस्थाको रुपमा स्थापित हुनका लागि निम्नानुसारका रणनीतिहरु अवलम्वन गरिनेछ।

- स्थानीय साझेदार संस्थाहरूको पहिचान, अनुगमन र सवलीकरण,
- साझेदार संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम तथा परामर्श सेवा,
- मर्जर/प्राप्ति जस्ता सम्भावनाको खोजी,
- आवश्यकता अनुसार अन्य निकायहरूसँग सहकार्य,
- मानव संसाधन विकास
- विद्यमान श्रोतको अधिकतम परिचालन गरी मुनाफा वृद्धि,
- मितव्ययिता।

६) संस्थागत सुशासन :

वित्तीय संस्थाले प्रचलित ऐन, कानून तथा नीति नियम लगायत नियामकीय निकायहरूबाट प्राप्त निर्देशनको पालना गर्दै, प्रभावकारी आन्तरिक नियन्त्रण संयन्त्र स्थापना गर्नुका साथै दैनिक प्रशासनिक कार्यलाई नियम सङ्गत र प्रभावकारी बनाउनको लागि विभिन्न आन्तरिक नीति/निर्देशिकाहरू तर्जुमा गरी लागु गर्दै आएको र त्यस्ता नीति/निर्देशिकाहरू आवश्यकता अनुसार परिमार्जन/अद्यावधिक समेत गर्दै आइरहेको छ। यसका अलावा वित्तीय संस्थामा रहेका विभिन्न समिति तथा उपसमितिका साथै आन्तरिक तथा बाह्य लेखापरीक्षक तथा नियमनकारी निकायबाट प्राप्त निर्देशन तथा सुझावहरूको पालना गर्दै संस्थागत सुशासनलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न वित्तीय संस्था प्रतिवद्ध रहेको छ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरु सू-सूचित गर्न र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।